२०७४ साल चैत्र ६ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छनः

१. श्वेतपत्र तयार गर्ने प्रयोजनका लागि सबै मन्त्रालयले आ-आफ्नो विषयसंग सम्बन्धित तथ्याङ्क तथा विवरण १० दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

२. माननीय मुख्यमन्त्रीको प्रेस सल्लाहाकार नियुक्ती र पारिश्रमिक तथा सुविधा तोक्ने विषयको प्रस्तावमा लेखिएबमोजिम स्वीकृत गर्ने ।

३. प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७४ र उक्त आदेशको दफा ३ को उपदफा २(ख) बमोजिम उपाध्यक्ष पदमा जिल्ला अर्घाखाँची साविक बलकोट-३ वस्ने डा. प्रकाश कुमार श्रेष्ठलाई नियुक्त गर्ने ।

४. प्रदेश सरकारका नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि सबै मन्त्रालयहरुले आ-आफ्नो विषयसंग सम्बन्धित नीति तथा कार्यक्रमको विवरण ७ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा उपलब्ध गराउने ।